धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ. व. २०८२/८३ को तेस्रो त्रैमासिक प्रतिवेदन

UPPER TAMAKOSHI HYDROPOWER LTD

UTKHPL

Gyaneshwor, Kathmandu

UNAUDITED 3rd QUARTER STATEMENT OF FINANCIAL POSITION

१. वित्तीय विवरण

क. संक्षिप्त वासलात र नाफा वा नोक्सान सम्बन्धी वित्तीय विवरण

Amount in NPR

Particulars	As at Chaitra End 2082 (Unaudited)	As at Poush End 2082 (Unaudited)	As at Chaitra End 2081 (Unaudited)
ASSETS			
Non-Current Assets:			
Property, plant and equipment	73,983,661,992.81	74,898,259,943.57	77,466,378,555.57
Right-of-use Asset	-	-	1,021,301.93
Capital WIP-Rolwaling Khola HEP	2,103,421,218.83	2,089,952,553.73	1,609,952,018.97
Deferred tax Assets	-	-	-
Total Non-Current Assets	**76,087,083,211.64**	**76,988,212,497.30**	**79,077,351,876.47**
Current Assets:			
Inventories	81,672,270.54	67,491,291.27	42,733,665.70
Cash and cash equivalents	2,175,349,575.57	1,689,192,956.02	548,025,850.25
Other current assets	2,976,076,820.79	4,043,909,816.84	3,229,754,689.85
Total Current Assets	**5,233,098,666.90**	**5,800,594,064.13**	**3,820,514,205.80**
Total Assets	**81,320,181,878.54**	**82,788,806,561.43**	**82,897,866,082.23**
EQUITY AND LIABILITIES			
Equity:			
Equity share capital	21,180,000,000.00	21,180,000,000.00	21,180,000,000.00
Securities Premium Account	876,420,965.26	876,420,965.26	913,773,301.13
Retained Earnings	(12,166,945,489.79)	(11,457,163,929.91)	(12,184,660,301.99)
Total Equity	**9,889,475,475.47**	**10,599,257,035.35**	**9,909,112,999.14**
Non-Current Liabilities:			
Long Term Loans	67,725,706,172.95	68,169,076,238.84	69,797,015,201.36
Deferred tax liabilities	-	-	-
Total Non-Current Liabilities	**67,725,706,172.95**	**68,169,076,238.84**	**69,797,015,201.36**
Current Liabilities:			
Long Term Loans	2,071,378,531.09	2,019,217,346.87	1,707,916,512.80
Provisions	16,190,195.73	16,402,858.18	54,989,433.56
Other Current Liabilities	1,617,431,503.28	1,984,853,082.18	1,428,048,272.04
Lease Liability	-	-	783,663.37
Total Current Liabilities	**3,705,000,230.11**	**4,020,473,287.22**	**3,191,737,881.76**
Total Equity and Liabilities	**81,320,181,878.54**	**82,788,806,561.43**	**82,897,866,082.23**

UNAUDITED 3rd QUARTER STATEMENT OF PROFIT OR LOSS

Amount in NPR

Particulars	This Quarter Ending on Chaitra 2082 (Unaudited)	Previous Quarter Ending on Poush 2082 (Unaudited)	Corresponding Previous Year Quarter Ending on Chaitra 2081 (Unaudited)
Revenue from sale of Electricity	7,718,105,748.00	6,076,217,538.90	4,270,827,263.15
Expenses			
Administrative and Project Expenses	(466,306,683.54)	(335,126,260.24)	(374,761,100.82)
Royalty	(188,562,114.96)	(144,324,350.78)	(161,232,897.90)
Foreign Exchange Gain/(Loss)	(3,340,930.42)	(3,340,930.42)	1,151,374.09
Depreciation	(2,734,078,832.30)	(1,850,300,936.58)	(2,734,886,616.01)
Profit/(Loss) from Operation	**4,325,817,186.78**	**3,743,125,060.88**	**1,001,098,022.51**
Finance Income	12,354,430.54	9,859,752.27	21,549,525.27
Other income	687,036.49	80,856.93	979,628,403.97
Finance Costs	(4,052,101,060.35)	(2,756,526,516.75)	(4,069,758,111.00)
Profit/(Loss) Before Bonus and Tax	**286,757,593.46**	**996,539,153.34**	**(2,067,482,159.24)**
Income Tax	-	-	-
Net Profit	**286,757,593.46**	**996,539,153.34**	**(2,067,482,159.24)**

सम्बन्धित पक्षसंग भएको कारोबार: नेपाल विद्युत प्राधिकरण मार्फत नेपाल सरकारबाट तथा कम्पनीका संस्थापक शेयरधनीहरु नेपाल टेलिकम, नागरिक लगानी कोष तथा राष्ट्रिय वीमा संस्थानबाट प्राप्त दीर्घकालिन ऋण रु.४४.६३ अर्व रहेको छ।

ख. प्रमुख वित्तीय सूचकहरू

क्र. स.	विवरण	यस त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो त्रैमासिकको अन्त्यसम्मको	अघिल्लो आ.व.को यसै त्रैमासिकको अन्त्यसम्मको
१	प्रति शेयर आम्दानी (रु.)	१.३५	४.७१	(९.७६)
२	प्रति शेयर नेटवर्थ (रु.)	४६.६९	५०.०४	४६.७९
३	प्रति शेयर सम्पत्तीको मूल्य (रु.)	३८३.९५	३९०.८८	३९१.४०
४	तरलता अनुपात	१.४१	१.४४	१.२०

२. **व्यवस्थापकीय विश्लेषण**

यस कम्पनी अन्तर्गतको राष्ट्रिय गौरवको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजना हाल पूर्ण रुपमा सञ्चालन भइरहेको छ। नेपाल विद्युत प्राधिकरण मार्फत नेपाल सरकारको दीर्घकालिन ऋण भुक्तानीको लागि ३० वटा किस्ताको १५ वर्षे ऋण भुक्तानी तालिका तथा अन्य संस्थागत ऋणप्रदायक संस्थाहरूको दीर्घकालिन ऋण भुक्तानीको लागि ६० वटा किस्ताको १५ वर्षे ऋण भुक्तानी तालिका निर्धारण गरी आ.व. २०८२/८३ को चैत्र मसान्तसम्ममा नेपाल विद्युत प्राधिकरण मार्फत नेपाल सरकारको आठ तथा अन्य संस्थाहरूको सत्रौं किस्ता सावाँ तथा व्याज भुक्तानी गरिएको छ। विविध कारणहरूले आयोजना निर्माण सम्पन्न अवधि बढ्न गई समग्र आयोजनाको लागत वृद्धि हुन गएको साथै ऋणप्रदायक संस्थाहरूबाट समयसामयिकरुपमा अपेक्षाअनुरुप व्याजदर घट्न नसक्दा व्याज खर्च अत्यधिक वृद्धि भएको तर त्यस अनुरुप विद्युत विक्रीबाट आम्दानी बढ्न सक्ने अवस्था नरहेकोले यस आ.व. का साथै आउँदो केहि आ.व.मा समेत कम्पनीको नाफामा असर पर्ने अवस्था देखिएको छ। तथापी हाल वित्तीय बजारमा प्रचलित व्याजदर बमोजिम हुने गरी दीर्घकालिन ऋणको व्याजदर पुनरावलोकनको लागि निरन्तर प्रयास भइरहेको छ। साथै, मिति २०८१।०६।१० गते साँझ देखि देशव्यापीरुपमा परेको अविरल वर्षाको कारण यस कम्पनी अन्तर्गत सञ्चालित माथिल्लो तामाकोशी जलविद्युत केन्द्रको बाँधस्थल क्षेत्रमा मिति २०८१।०६।१२ गते दिनको ११ बजेतिर आएको पहिरोको कारण क्षति भएको संरचनाहरूको मर्मत गरी हाल विद्युत केन्द्र पूर्णरुपमा सञ्चालनमा रहेको र आयोजनालाई पुर्ववत रुपमा फर्काउन क्षति भएका संरचनाहरूको पुर्ननिर्माण अन्तर्गतका बाँकि रहेका Right Settling Basin को मर्मत कार्य अन्तिम चरणमा रहेको छ। साथै, पहिरो व्यवस्थापन तथा रोकथामका कार्य अन्तिम चरणमा रहेको छ। पहिरोको कारण जलविद्युत केन्द्रको संरचनाहरू तथा विद्युत विक्री आयमा भएको क्षति सम्बन्धमा वीमा दावी पेश गरेकोमा वीमा कम्पनीद्वारा वीमा दावी भुक्तानी हुन बाँकी रहेको छ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

क. त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए।

- माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको मुख्य सिभिल निर्माण ठेकेदार सिनोहाइड्रो कर्पोरेसन लिमिटेडबाट सुरक्षण धरौटी फिर्ता सम्बन्धमा श्री उच्च अदालत पाटन, ललितपुरमा मध्यस्थ नियुक्तीको लागि निवेदन पेश भएको।

ख. संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

ग. कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

कम्पनी व्यवस्थापनबाट शेयरको मूल्यमा असाधारण प्रभाव पर्ने किसिमको कुनै पनि प्रकारको गतिविधिहरू भएको पाइएको छैन। नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार आ. व. २०८२/८३ को तेश्रो त्रैमासिक अवधिमा शेयर सम्बन्धी कारोवारको विवरण देहाय बमोजिम रहेको छ।

शेयरको अधिकतम मुल्य (रु.)	शेयरको न्यूनतम मुल्य (रु.)	शेयरको अन्तिम मुल्य (रु.)	कारोवार भएको कूल दिन	कारोवार संख्या
२४२।६०	१७३।५०	२१७।००	५३	८८,२६१

५. **समस्या र चुनौती**

आयोजना पूर्णरुपमा सञ्चालनमा रहेको हालको अवस्थामा आयोजनाको बढेको निर्माण अवधि तथा लागतका कारण बढ्न गएको व्याज खर्च, ह्रासकट्टि खर्च तथा अन्य खर्चहरूको न्यूनिकरण तथा विद्युत विक्री आयको सुनिश्चितता गरी कम्पनीको सफल सञ्चालन तथा वित्तीय स्थिति मजबुत गरी नाफा वृद्धी तथा लगानीकर्ताहरूलाई उचित लाभांशको सुनिश्चितता हालको प्रमुख लक्ष्य तथा चुनौती रहेको छ। साथै, दोस्रो चरण अन्तर्गतको रोल्वालिङ डाइभर्शन स्कीम सहितको रोल्वालिङ खोला जलविद्युत आयोजना यथाशीघ्र निर्माण सम्पन्न गरी समग्रमा विद्युत विक्री आय वृद्धि गर्नु पर्ने चुनौती रहेको छ।

६. **संस्थागत सुशासन**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली तथा कर्मचारी व्यवस्थापनको लागि कर्मचारी प्रशासन विनियमावली लगायतका विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत भई लागु गरिएका छन्। कम्पनी ऐन बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। हरेक वर्ष लेखापरीक्षक संस्थाहरूद्धारा आन्तरिक लेखापरीक्षण तथा श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुसार साधारण सभाबाट लेखापरीक्षक नियुक्त गरी अन्तिम लेखापरीक्षण गराई वार्षिक साधारण सभा गर्ने गरिएको छ। साथै, आयोजना निर्माणसँग सम्बन्धित विभिन्न प्राविधिक, आर्थिक तथा कानूनी विषयहरूमा आवश्यकता अनुसार स्वतन्त्र विज्ञहरू सम्मिलित उप समितिहरू गठन गरी सोको प्रतिवेदन तथा सिफारिस अनुरुप कार्यान्वयन हुने गरेको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

यस प्रतिवेदनमा प्रस्तुत वित्तीय विवरणहरू कम्पनीद्धारा राखिएको लेखा अनुसार तयार गरिएको छ। मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरू तथ्यको आधारमा तयार गरिएकोले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्ताहरूलाई सुसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।